मुख्य समाचार

- राष्ट्रपति अनि प्रधानमन्त्रीले  जनतालाई गणेश चतुर्थीको दिनुभयो शुभकामना
- जम्मू कश्मीरलाई फेरि पनि राज्यको दर्जा दिइने अमित शाहले दिनुभयो आश्वासन
- पश्चिम बंगालका राज्यपालले राष्ट्रपतिलाई '**अपराजिता महिला अनि बाल विधेयक दुइ हजार चौबीस**  पठाउनुभयो
- केन्द्र शासित प्रदेशमा एक सय पचहत्तरवटा आदर्श आचार संहिता उल्लङ्घनको घटना , अनि
- प्रधानमन्त्री राष्ट्रीय बाल पुरस्कार दुई हजार पचीसको नामाङ्कन जमा गर्ने अन्तीम तिथि यसै महीना पन्ध्र तारीख

**राष्ट्रपति/प्रधानमंत्री गणेश चतुर्थी**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु अनि प्रधानमन्त्री श्री  नरेन्द्र मोदीले गणेश चतुर्थीको अवसरमा जनतालाई शुभकामना दिनुभयो।  सोशल मीडीयामा राष्ट्रपतिले भन्नुभयो, यो तिहार देशका केही भागमा सामूहिक उल्लास र सामाजिक ऊर्जाको सुन्दर उदाहरण हो। उहाँले भन्नुभयो, भारतीय परम्परामा

भगवान गणेशलाई शुभ अनि विघ्नहर्ता मानिन्छ। उहाँले भगवानसंग सबैलाई विपत्तीसंग बचाउने अनि समृद्धि फैलाउने प्रार्थना पनि गर्नुभयो। प्रधानमन्त्री श्री मोदीले पनि सबै देशवासीलाई गणेश चतुर्थीको हार्दिक शुभकामना दिनुभयो।

## जम्मू कश्मीर-अमित शाह

भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि केन्द्रीय गृहमन्त्री श्री  अमित शाहले विधानसभा चुनाव पछि जम्मू कश्मीरलाई फेरि पनि राज्यको दर्जा दिइने आश्वासन दिनुभयो। जम्मूमा आज एक जनसभामा उहाँले आगामी विधानसभा चुनाव ऐतिहासिक रहने बताउनुभयो। मोदी सरकार द्वारा अनुच्छेद- तिनसय सत्तरी समाप्त गरेपछि राष्ट्रीय ध्वजा अनि संविधान अन्तर्गत जम्मू कश्मीरमा पहिलो पल्ट चुनाव गराइँदैछ।

## पश्चिम बंगाल अपराजिता

पश्चिम बंगालका राज्यपाल श्री सी वी आनन्द बोसले केही त्रुटिहरूको उल्लेख गर्दै, राष्ट्रपति श्रीमती  द्रौपदी मुर्मुलाई '**अपराजिता महिला अनि बाल विधेयक दुइ हजार चौबीस** पठाउनुभयो। पछिलो महीनाको नौ  तारीख कोलकाताको आर जी कर अस्पतालमा एकजना  प्रशिक्षु डाक्टरसीत भएको

दुष्कर्म अनि हत्या पछि राज्य विधानसभाले यो विधेयक पारित गरेको थियो। विधेयकमा यदि पीड़िताको मृत्यु हुन्छ अथवा कोमामा जान्छन् भने दुष्कर्मको दोषीलाई मृत्युदण्डको माग गरिएको छ । राज्यपालले सोशल मीडिया पोस्टमा भन्नुभएको छ, विधेयक हतारमा तयार गरिएको छ। उहाँले विधेयकसंग तकनीकी रिपोर्ट नपठाइकोमा राज्य सचिवालयको विफलता अनि राज्. सचिवालयलाई जिम्मेवार ठहराउनु भएको छ ।

**जम्मू कश्मीर-चुनाव एफआईआर**

जम्मू कश्मीरमा चुनाव विभागले आदर्श आचार संहिताको उल्लङ्घनको नौ प्राथमिकी दर्ता गरेको छ। पाँच सरकारी कर्मचारीहरूलाई राजनीतिक गतिविधीमा भाग लिनका लागि निलम्बित गरिएको छ। आदर्श आचार संहिताको उल्लङ्घनको अठचालिस मामिलामा जाँच शुरु गरिएको छ र यस्ता तेइसवटा मामिलामा चेतावनी पनि दिइएको छ । जम्मु काश्मिरको मुख्य निर्वाचन अधिकृतको कार्यालयले केन्द्र शासित प्रदेशमा एक सय पचहत्तरवटा आदर्श आचार संहिता उल्लङ्घनको घटना भएको जनाएको छ । जसमा छयानब्बे-वटा मामिला राजनीतिक दलका विरूद्ध, त्रिपन्नजना सरकारी

कर्मचारीहरू, दुई जना मीडिया कर्मी अनि चौबीसवटा  मामिला अन्य भेटीएको छ।

## जयन्त चौधरी

कौशल विकास एवं उद्यमिता राज्य मन्त्री श्री जयन्त चौधरीले आज Logistics अनि उन्नत कौशलमा भागीदारी लिएर एउटा  निजी कम्पनी खाद्य एग्रीगेटर संग समझौता ज्ञापनमा हस्ताक्षर गर्नुभयो।  नयाँ दिल्लीमा यस अवसरमा श्री चौधरीले भन्नुभयो, नयाँ प्रौद्योगिकीको मध्येनजर व्यवसायीका लागि उन्नत कौशल आवश्यक छ । Logistics का बारेमा उहाँले भन्नुभयो, बुनियादी ढाँचा अनि सम्पर्क सुविधामा सुधार तथा वैश्विक व्यापारमा भारतको भागीदारीमा वृद्धिबाट देशलाई दुई हजार सैतालीस सम्म विकसीत राष्ट्र बनाउनमा सहयोग मिल्नेछ।

## समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ।

## राष्ट्रीय बाल पुरस्कार

प्रधानमन्त्री राष्ट्रीय बाल पुरस्कार दुई हजार पचीसका लागि नामाङ्कन जमा गर्ने अन्तीम तिथि यसै महीनाको पन्ध्र तारीख रहेको छ। यो पुरस्कार हरेक

साल जनवरीमा महिला एवं बाल विकास मन्त्रालय द्वारा आयोजित  गरिन्छ अनि यो बर्ष छब्बीस दिसेम्बरमा  वीर बाल दिवसमा यसको घोषणा गरिनेछ। यी पुरस्कारहरूको उद्देश्य नानीहरूको ऊर्जा, दृढ़ संकल्प, क्षमता, जोश अनि उत्साहको उत्सव मनाउनु हो । पाँच वर्षभन्दा माथी अनि अठार  वर्ष भन्दा मुनीको आयु भएका नानीहरूका लागि नामाङ्कन राष्ट्रीय पुरस्कारको आधिकारिक वेबसाइटमा दर्ता गर्न पनि सकिनेछ।

## अन्तरिक्ष यान फिर्ता

Boeing's Star liner (**बोइङ स्टार लाइनर)** यान अन्तरिक्षमा लगभग तीन महीना बिताएर अन्तर्राष्ट्रीय अन्तरिक्ष स्टेशनमा  फर्किएर आएको छ। नासाका अन्तरिक्ष यात्रीहरू **बुच विल्मोर अनि सुनीता विलियम्सलाई** लिएर अन्तरिक्ष केन्द्र  गएको स्टार लाइनर यानमा तकनीकी बिगरिएको थियो । यो यानद्वारा अन्तरिक्ष यात्रीहरू पृथ्वीमा फर्काएर लान जोखिम देखिएर - अन्तर्राष्ट्रीय अन्तरिक्ष केन्द्रमा अन्तरिक्ष यात्रीहरू बस्ने अवधि आठ दिन देखी बढाएर आठ महीना गरिएको छ ।

## राष्ट्रीय पोषण महिना

राष्ट्रीय पोषण माहिनाको सातौं चरण अन्तर्गत लगभग एक करोड सैंतिस लाख कार्यक्रम आयोजित गरिसकिएको छ। पहिलो सितम्बरदेखी शुरू भएको पोषण महिना यस महीनाको तीस तारीख सम्म चल्नेछ । गुजरातदेखी शुरु गरिएको एक महीनाको अभियान देश भरमा राम्रो प्रशासनका लागि प्रौद्योगिकीका साथै एनीमिया, विकास निगरानी, पूरक आहार र **पोषण भी पढाई भी** जस्ता प्रमुख विषयमा केन्द्रित छ । यो अभियानले **एक पेड़ माँ के नाम** पहलमा पनि जोड दिन्छ जसमा तेह्र लाख पन्चानब्बै हजार आंगनवाड़ी केन्द्रमा बिरूवारोपण गरिनेछ। महिला अनि बाल विकास मन्त्रालयका अनुसार बिहार, मध्य प्रदेश, महाराष्ट्र, तमिलनाडु, गुजरात, आन्ध्र प्रदेश अनि उत्तर प्रदेश यस अभियानमा अहिलेसम्म सबैभन्दा धेरै योगदान दिने राज्य भीत्रमा परेको छ।

## पन्चायती राज

पन्चायती राज मन्त्रालयले यस महीनाको नौ देखी तेरह तारीख सम्म पाँच दिवसीय आवासीय प्रबन्धन विकास कार्यक्रम आयोजित गर्दैछ । भारतीय प्रबन्धन संस्थान, जम्मूको सहयोगले यो कार्यक्रम आयोजित गरिदैछ। जसमा आन्ध्र प्रदेश, छत्तीसगढ़, केरल, महाराष्ट्र सहित एघारवटा राज्य अनि केन्द्र

शासित प्रदेशका पन्चायती राज संस्थाका निर्वाचित प्रतिनिधि अनि पदाधिकारीहरूले भाग लिनेछन्। यसमा जिला पन्चायत, ब्लक पन्चायत समितीहरूका अध्यक्ष र उपाध्यक्ष, ग्राम पन्चायतका प्रमुख अनि अन्य पन्चायत अधिकारी पनि शामेल हुनेछन्।

**30 पैरालिमपिक्स-एथलीट लौटे**

प्यारा लिम्पिक्स खेलमा उत्कृष्ठ प्रदर्शन गरेर फर्किएका खेलाडीहरूको दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रीय हवाई अड्डामा भव्य स्वागत भयो। पेरिसमा चलिरहेको प्यारा लिम्पिक्स खेलमा अहिले सम्म भारतले सताइसवटा पदक जीतेको छ, जसमा छबटा स्वर्ण, नौ वटा रजत अनि बाह्रवटा कास्य पदक छ। निशानेबाज अनि स्वर्ण पदक विजेता सुश्री अवनी लेखराले भनेकी छन् , यस पल्टको खेलमा खेलाडीहरूले विभिन्न पदक जीतेका छन् र यो पूरा यात्रा राम्रो रहयो।

अनत्यमा मुख्य समाचार फेरी एक पल्ट

- राष्ट्रपति अनि प्रधानमन्त्रीले जनतालाई गणेश चतुर्थीको दिनुभयो शुभकामना
- जम्मू कश्मीरलाई फेरि पनि राज्यको दर्जा दिइने अमित शाहले दिनुभयो आश्वासन
- पश्चिम बंगालका राज्यपालले राष्ट्रपतिलाई 'अपराजिता महिला अनि बाल विधेयक दुइ हजार चौबीस पठाउनुभयो
- केन्द्र शासित प्रदेशमा एक सय पचहत्तरवटा आदर्श आचार संहिता उल्लङ्घनको घटना , अनि
- प्रधानमन्त्री राष्ट्रीय बाल पुरस्कार दुई हजार पचीसको नामाङ्कन जमागर्ने अन्तीम तिथि यसै महीनेको पन्ध्र तारीख ,

**आकाशवाणीबाट सुन्दै हुनुहुथ्यो समाचार पूरा भयो।**